# किरात राई यायोक्खा बेलायत
# KIRAT RAI YAYOKKHA UK
*An indigenous ethnic group of Nepal*

केन्द्रीय कार्यसमिति

स्था : २००४

## किरात राई यायोक्खा बेलायत तेस्रो त्रैमासिक बैठक

मिति (Date): Saturday 27 June 2026
समय (Time): 10:00hrs
स्थान (Location): Kirat Rai House, Gamble Lane, GU23 6HS

मिति  27 June 2026 शनिबारको दिन किरात राई यायोक्खा बेलायत नबौ कार्यसमितिको तेस्रो त्रैमासिक बैठक संस्थाको कार्यकारी अध्यक्ष मेजर (रि.) दिल कुमार राईज्यको अध्यक्षतामा किरात राई हाउस ग्याम्बल लेनमा बसी तपशिल वुदाहरु उपर वृहत छलफल गरि निर्णय समेत गरियो।

| S/N | Agenda | Discussion | Action/Remarks |
|---|---|---|---|
| 1. | उपस्थितिः | 1. कार्यकारी अध्यक्ष- मे.रि.दिल कुमार राई<br>2.अध्यक्ष- मे.रि.भुपजित पुमा<br>3.अध्यक्ष- आशा राई<br>4. ब. उपाध्यक्ष- क्या.रि.सुमन चन्द्र राई<br>5. ब. उपाध्यक्ष- प्रसाद राई<br>6. उपाध्यक्ष -चन्द्रवती राई<br>7. उपाध्यक्ष - भाङ्यवति राई<br>8. उपाध्यक्ष- निलम राई<br>9. महासचिव - गंगा राज राई<br>10. उपाध्यक्ष- बिनोद राई<br>11. उप-महासचिव -निता कोयु राई<br>12. नाम अस्पष्ट<br>13.कोषाध्यक्ष - दिल कुमार राई<br>14. दोमन राई<br>15. कल्पना राई - स्विन्डन प्रा.का.स. अध्यक्ष<br>16. धन राई – CIC Director<br>17. खगेन्द्र राई<br>18. रामजी राई – ग्रेज प्रा.का.स. अध्यक्ष<br>19. उपाध्यक्ष - युगराज राई<br>20. भिम राई फोक्स्टोन प्रा.का.स. अध्यक्ष<br>21.अन्जना राई | Gen Sec & All |

| | | | |
|---|---|---|---|
| | | 22. उप-महासचिव - कपिल राई<br>23. उपाध्यक्ष - कृत ब. राई<br>24. उपाध्यक्ष - शंकर राई<br>25. ध्रुब राई - बान्तावा खिम<br>26. सह-कोषाध्यक्ष - सन्देश साम्पाङ<br>27. सचिव - चन्द्र जयपाल राई<br><br>क्षमायाचनाः<br>28.राम कुमार राई - बेजिङ्स्टोक<br>29.मिलन किरात राई<br>30.किसन राई<br>31.चन्द्र ब राई - प्रमुख सल्लाहकार<br>32.पदम राई - सल्लाहकार<br>33.रामधन राई - सल्लाहकार<br>34.शिबानि राई - अध्यक्ष, आश्फोर्ड प्राकास<br>35.नवल राई - अध्यक्ष,क्यान्टवरी प्राकास<br>36.गिता राई - अध्यक्ष, अक्स्फोर्ड पाकास<br>37.मनकुमार राई<br>38.धर्मराज राई - अध्यक्ष,साम्पाङ जुम्लेखा<br>39. उपाध्यक्ष - शान्त कला राई -<br>40.सुर्य बिक्रम राई - मेडवे<br>41.रत्न बुतेपाली<br>42.ईश्वर चाम्लिङ<br>43.अनिता राई<br>44.सय कुमार राई - अध्यक्ष, वकिङ प्राकास।<br>45.राजेन रामजङ राई - महासचिव | |
| 2. | कार्यसूची १ – स्वागत तथा आचार संहिता | महासचिब गंगा राज राईद्वारा सबैलाई स्वागत गर्दै आचार संहिता र छलफल गरिने एजेण्डाहरु दर्शाउनु भयो। कार्यकारी अध्यक्ष मे. (रि.) दिल कुमार राईज्युलाई बैठकको अध्यक्षता ग्रहन गराई बैठक आरम्भ गरियो। | Gen Sec, President & All |
| 3. | कार्यसूची 2 - अध्यक्षको उद्घाटन मन्तव्य | अध्यक्ष, मेजर (रि) दिलकुमार राईले सबैको उपस्थितिका लागि धन्यवाद दिँदै बैठकको उद्घाटन गर्नुभयो। उहाँले आफ्नो कृतज्ञता व्यक्त गर्दै बैठकबाट रचनात्मक छलफल र सकारात्मक परिणामहरू आउने अपेक्षा व्यक्त गर्नु भयो। साथै, उहाँले | President & All |

| | | | |
|---|---|---|---|
| | | बैठकको अनुशासनको महत्त्व पुनः स्मरण गराउँदै सबैलाई एक–अर्काको सम्मान गर्न र बैठकभरि अनुशासित रहन अनुरोध गर्नु भयो।<br>बैठकलाई सकेसम्म छोटो र छरितो बनाउन पनि जोड दिनुभयो। | |
| 4. | कार्यसूची 3 - अघिल्लो बैठकको कार्यविवरण | महासचिवले अघिल्लो त्रैमासिक बैठकको कार्यवृत्तका मुख्य बुँदाहरू पढेर सुनाउनु भयो, उपस्थितिबाट कुनै प्रश्न नआए पछि अध्यक्ष र महासचिवबाट हस्ताक्षर गरी त्यसलाई बन्द गरियो। | Gen Sec |
| 5. | कार्यसूची 4- अघिल्लो बैठकमा उठाइएका विषयहरूको अद्यावधिक | • २५ अक्टोबर २०२५ बैठक कार्यवृत्त – निर्णय बिन्दु १<br>अल्डरशट तथा ग्रेटर रशमुर प्रा.का.स. (PC): अल्डरशट र ग्रेटर रश्मोर PC का अध्यक्षसँग अघिल्लो बैठकमा जस्तै अनौपचारिक छलफल भएको छ, तर अन्तिम निश्कर्षका लागी छलफल प्रयास जारी राखिने र आगामी बैठकमा प्रगति विबरण प्रस्तुत गरिने निर्णय भयो।<br>• २५ अक्टोबर २०२५ बैठक कार्यवृत्त – निर्णय बिन्दु २<br>सुम्निमा पारुहाङ् जर्नल खाता (७औं सम्मेलन समिति): समन्वयक, क्याप्टेन (रि.) सुमन चन्द्र राईले उपलब्ध सबै विवरण सङ्कलन गरी सन् 2019 का लागि सुम्निमा पारुहाङ् मुखपत्रको रिपोर्ट तयार पार्नु भएको थियो। अघिल्लो बैठकमा वहाँ आइपुग्नु अघि नै यो एजेन्डा माथि छलफल भइसकेकोले छलफल हुन सकेको थिएन, यस पटकको बैठकमा भने वहाँले तयार पारेको रेपोर्ट पढेर सुनाउनु भयो र समुदायको आन्तरिक विवादको समयमा मुखपत्र बिक्रि वितरण र रकम संकलनमा असहज भएको कारण कुनै पनि रकम संकलन नभएको निस्कर्ष निकाल्दै आजको बैठकले यसलाई अशुल नहुने गरी संस्थाको लेखाबाट हटाउने निर्णय गर्यो। संयोजक सुमन चन्द्र राईको रेपोर्ट महासचिब संग सुरक्षित छ।<br>• २५ अक्टोबर २०२५ बैठक कार्यवृत्त को पुन समिक्षा:_२५ अक्टोबर २०२५ बैठकको निर्णय न ५. मा संस्थालाई आवश्यक प्लास्टीकको फोल्डिङ कुर्सी खरिद गर्ने भन्ने निर्णय भएको थियो। तर हालसालै संस्थाका तेस्रो वर्ष अध्यक्ष मेजर (रि) भुपजित पुमा राई ज्युको पहलमा वहाँ कार्यरत फोक्स्टोन आर्मि क्याम्पबाट संस्थालाई नि:शुल्क रुपमा पर्याप्त मात्रामा टेबल कुर्सी प्राप्त भएकाले माथि उल्लेखित अघिल्लो बैठकको निर्णयलाई परिमार्जन गरी अहिलेका लागी संस्थाले कुर्सी छोप्ने कपडा (Cover) मात्रै खरिद गर्ने निर्णय गरियो। उक्त सामग्री खरिदका लागी संस्थाका उपाध्यक्ष तथा प्रपर्टी संयोजक श्री किर्त राई ज्यु लाई जिम्मेवारी प्रदान गरियो। | President<br><br>President, SVP Sumanchandra Rai & All<br><br>President year 1 |

| | | | |
|---|---|---|---|
| | | • २५ अक्टोबर २०२५ बैठक कार्यवृत्त – निर्णय बिन्दु ६ ओखलढुङ्गा स्थित वृद्ध नागरिक सहयोग तथा मिलन केन्द्रबाट आर्थिक सहयोगको अनुरोध: यस प्रस्ताबमा, सहयोग प्रदान गर्नु अघि सो संस्था बारे पुर्ण जानकारी थाह हुनु पर्ने, उदाहरणका लागी नाफामुखी वा निःशुल्क सेवादायी वा कुनै धार्मिक संस्थाबाट संचालित हो भन्ने प्रस्ट नभएको र यसका लागी ओखलढुङ्गा कि.रा.या. जिल्ला कमिटी मार्फत बुझ्ने प्रयास भैरहेको तर अहिले सम्म कुनै जानकारी नआएकाले यो सम्बन्धि निर्णयका लागी समयसिमा तेर्सो त्रैमासिक बैठक तोकिएको थियो, तर हालै ओखल्ढुङ्गा कि.रा.या कमिटिबाट मिलनकेन्द्र कुनै धार्मिक र नाफामुखी संस्था नभएको पत्र प्राप्त भएको हुदाँ आज बसेको त्रैमासिक बैठकबाट माथि उल्लेखित संस्थालाई रु ५०,००० सहयोग प्रदान गर्ने निर्णय भयो। | President 3rd Year VCM Krita |
| | | • २५ अक्टोबर २०२५ बैठक कार्यवृत्त – निर्णय बिन्दु १३ १० सेप्टेम्बर २०२४ को समझदारी पत्र (MOU) अनुसार, वर्तमान समितिलाई KRY UK का विवादित विषयहरू पहिलो वर्ष भित्र समाधान गर्ने जिम्मेवारी दिइएको थियो। अध्यक्षको निर्देशन अनुसार, उहाँले यी विषयहरू पूर्ण रूपमा समाधान गर्ने आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुभयो। अगाडि बढ्ने बाटोका रूपमा, छलफल र सहमतिका आधारमा, कार्यकारी सदस्यहरूबाट बनेको विशेष परिषद् गठन गर्ने निर्णय भयो। यो परिषद् सबै सम्बन्धित पक्षहरू, प्रा.का.स. र भाषिक संस्थाहरूसँग छलफल अन्तरकृया गर्ने, रिपोर्ट तयार गर्ने, बैठक मिति देखि नौ महिना भित्र रिपोर्ट समीक्षा गर्ने, र दोस्रो वर्षको वार्षिक साधारण सभामा अन्तिम रूप दिने भन्ने निर्णय गर्दै विषय समाधानमा अगाडि बढ्ने मार्ग र टिमको संरचना सम्बन्धी लामो छलफल र विचार – विमर्श पछि, बैठकले एजेन्डा अगाडि बढाउन निम्न सदस्यहरूलाई मनोनित गरिएको थियो। जसमा:<br><br>क) भाषिक संघिय संरचना बारे सबै प्रारम्भिक कार्यसमिति र भाषिक संस्थाहरुसँग अन्तरकृया गर्नका लागी केन्द्रिय कार्यसमितीबाट दोस्रो वर्ष बरिष्ठ उपाध्यक्ष क्या रि.सुमनचन्द्र राईजयूलाई संयोजक तोकिएको थियो। | Presidents & All Treasurer |

| | | | |
|---|---|---|---|
| | | ख) किरात राई यायोक्खा नेपालसँग संम्बन्धको बारे छलफल र टुङ्गोमा पुर्याउने विषयमा र किरात राई यायोक्खा वेलायतको विधान संशोधनका लागी पहिलो बर्षको उपाध्यक्ष प्रेम कुमार राई ज्यूलाई संयोजक तोकिएको थियो।<br><br>ग) चुला सम्बन्धि सम्पूर्ण सूचना र जानकारी संकलनको लागि सम्पर्क ब्याक्तिको रुपमा तेस्रो बर्ष उपाध्यक्ष प्रसाद राईलाई तोकिएको थियो।<br><br>विभिन्न कारणहरू तथा समयको अभावका कारण यी कार्यहरू तोकिएको समय भित्र पूरा गर्न सकिएन। त्यसैले बैठकले यी बाँकी विषयहरूको समाधान र समापन को काम तेस्रो वर्षभित्र निरन्तर अघि बढाई पूरा गर्ने निर्णय गर्यो।<br>सबै प्रा.का.स हरूलाई अन्तरक्रिया कार्यक्रम आयोजना गर्न उपयुक्त मिति प्रस्ताव गर्न अनुरोध गर्दै पत्र पठाइनेछ। सम्भव भएसम्म अन्तरक्रिया कार्यक्रमहरू क्षेत्रीय आधारमा आयोजना गरिनेछन्।<br><br>विधान संशोधनका सम्बन्धमा, बैठकले नौ सदस्यीय समिति गठन गर्ने निर्णय गर्यो। समितिमा सबै अध्यक्षहरू, दुई जना महासचिव,<br>SVCM प्रेम संयोजकका रूपमा तथा अध्यक्षहरूले मनोनयन गर्ने थप तीन जना सदस्य रहनेछन्। संयोजकलाई सबै KRYUK सदस्यहरूबाट सम्बन्धित PC मार्फत सुझाव तथा संशोधन प्रस्तावहरू सङ्कलन गर्ने, त्यसको समन्वय गर्ने र प्रस्तावित विधान संशोधनको मस्यौदा तयार गर्ने कार्य सम्पन्न गर्न अनुरोध गर्दै पत्र पठाइनेछ।<br>बैठकले निम्न मितिहरू पनि तय गर्यो:<br>१० जुलाई २०२७ – विधान मस्यौदा प्रस्तुत गर्ने।<br>२८ अगस्ट २०२७ – सेप्टेम्बर २०२७ मा हुने KRYUK को १०औं महाधिवेशनको तयारीस्वरूप विधानलाई अन्तिम रूप दिई अनुमोदन गर्न विधान सम्मेलन आयोजना गर्ने। | Presidents & All |

| | | | |
|---|---|---|---|
| | | | |
| 6. | कार्यसूची 5 - संस्थाको आर्थिक | क) प्रस्ताव माथी छलफल गर्दा संस्थाको संस्थाका कोषाध्यक्ष श्री डा. महा राई ज्युले आर्थिक प्रतिवेदन पेश गर्नु भयो र बैठकबाट पारित भयो। संस्थाको बैंक खातामा हाल जम्मा रकम £३८,४८३. ५१ रहेको जानकारी गराउनु भयो ।<br>ख) साथै सदस्यता शुल्क स्वरुप उठेको रकम संकलन गर्ने बैंक खाता छुट्टै भएको र उक्त बैंक खातामा हाल £७७५ रहेको पनि जानकारी गराउनु भयो। | Treasurer |
| 7. | कार्यसूची-6: उभौली साकेला समिक्षा | उभौली साकेला २०२६ समिक्षा:<br>तेस्रो त्रैमासिक बैठकमा साकेला उभौली २०२६ को समीक्षा पनि समावेश गरिएको थियो। कार्यकारी अध्यक्ष मे. (रि.) दिल कुमार राई ज्युले साकेला उभौली २०२६ को सफल योजना, व्यवस्थापन तथा सञ्चालनका लागी विशेष गरी साकेला उभौली संयोजक क्याप्टेन (रि.) सुमन चन्द्र राई ज्यु र उहाँको सम्पूर्ण टोलीलाई धन्यवाद व्यक्त गर्नुभयो। उहाँले अघिल्लो वर्षका अनुभव र सिकाइलाई कार्यान्वयन गर्दा यस वर्ष उल्लेखनीय सुधार भएको बताउनुभयो। साथै, अझै सुधारका अवसरहरू रहेको र आगामी वर्ष अझ राम्रो कार्यक्रम आयोजना गर्न सकिने विश्वास व्यक्त गर्नुभयो।<br><br>संयोजक क्याप्टेन (रि.) सुमन चन्द्र राई ज्युले कार्यक्रम तयारी देखि सम्पन्न हुँदा सम्म सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो। उहाँले प्राप्त भएका रचनात्मक सुझावहरूलाई विस्तृत रूपमा अभिलेखीकरण गरिएको र भविष्यका लागि उपयोग गरिने बताउनुभयो। बैठकमा धेरै सुझाव, अनुभव र सिकाइहरू छलफल गरी अभिलेखिकरण गरिएको छ।<br>साकेला २०२६ सम्बन्धी विस्तृत समीक्षा प्रतिवेदन तयार भइसकेको छ, जुन सबै प्रमुख पदाधिकारी तथा इच्छुक सदस्यहरूलाई उपलब्ध गराइनेछ ।<br><br>**<u>आर्थिक:</u>** | President, Coordinator & All |

| | | | |
|---|---|---|---|
| | | त्यसै गरी संस्थाका कोषाध्यक्ष डा. महा राई ले लिखित रुपमा उभौली साकेलाको आर्थिक प्रतिवेदन पेश गर्नु भयो। यस वर्षको साकेलामा जम्मा आय £५९,५५६.९० (अक्षेरुपीः उनान्साठी हजार पाँच सय छप्पन्न पाउण्ड नब्बे पेन्स्) र खर्च £४४,२५३.८३ (अक्षेरुपीःचौवालिस हजार दुई सय त्रिपन्न पाउण्ड त्रियासी पेन्स्) रहेको र यसबाट संस्थालाई मुनाफा जम्मा £१५,३०३.०७ (अक्षेरुपीः पन्द्र हजार तिन सय तिन पाउण्ड सात पेन्स्) रहेको जानकारी गराउनु भयो ।<br><br>- कार्यक्रममा जम्मा बस संख्या ७ ओटा<br>- मिनिबस संख्या ५ ओटा<br>- कार संख्या ११११ ओटा (कृपया जानकारीका लागि, गेट बाहिर ट्राफिकको समस्या भएका कारण ओभरफ्लो पार्किङमा पठाइएका सबै गाडीहरूको सही हिसाब राख्न सकिएन र सबै गाडीबाट पार्किङ शुल्क पनि उठाउन सकिएन)<br>- जम्मा सहभागी मानिसको संख्या ६,०७५ जना (जम्मा टिकेट बिक्रि भएको)<br><br>**नोटः** कोषाध्यक्ष डा.महा राई को पुर्ण रिपोर्ट KRYUK को Website मा राखिएको छ जुनसुकै समयमा हेर्न सकिने छ । | |
| 8. | कार्यसूची 7- Operational and Assets Matters: | यसै प्रस्ताव माथी छलफल गर्दा निम्न निर्णय गरियो:<br><br>तेस्रो वर्ष अध्यक्ष मे.(रि.) भूपजित राईज्यूको पहलमा उहाँले काम गर्ने क्याम्पबाट ग्याम्बलमा ल्याइने थप फर्निचरको व्यवस्थापनका लागि निम्न निर्णयहरू गरियो:<br><br>- फर्निचर तथा अन्य सामान सुरक्षित रूपमा राख्न स्टोरेज टेन्ट खरिद गर्ने।<br><br>- फर्निचर ल्याउनका लागि रिमुभल सेवा (Removal Service) प्रयोग नगरी निजी भ्यान भाडामा लिने र सामान लोड तथा अनलोड गर्न आफ्नै जनशक्ति प्रयोग गर्ने निर्णय गरियो। यसो गर्दा खर्च कम गर्न सकिनेछ।<br><br>- चाहिने जति मात्रै फर्निचर छानेर ल्याउने।<br><br>(उक्त दिन बैठकको शुरुवातमा तेस्रो वर्ष अध्यक्ष मे.रि. भुपजित राई ज्युले संस्थालाई आवश्यक पर्ने थप,चम्चा,काँटा,डाडु पुन्यौं,चपिङ बोर्ड, छूरी, प्लेट र बाल्टीहरु पनि संस्थालाई हस्तान्तरण गर्नु भयो)<br><br>**नोटः** सामान धेरै भएको कारण त्यस दिन सामानहरूको गन्ती गर्न सकिएन। | President 3rd Year Bhupjit Rai, VP Krita Rai & All |

| | | | |
|---|---|---|---|
| 9. | कार्यसुचि-8 चुला घर/Store सम्बन्धमा | कार्यसुचि – चुला घर सम्बन्धमा : सबै भाषिक संस्थाहरुलाई चुला तथा स्टोरका लागी ठाउँ चाहिए निबेदन दिन यस अघि नै आव्हान गरिसकिएको र दोस्रो त्रैमासिक बैठक सम्म ६ ओटा भाषिक बाट पत्र प्राप्त भैसकेको र बाँकि रहेको १ एक कोठा पनि निवेदन आईसकेको कार्यकारी अध्यक्ष मे.रि. दिल कुमार राई ज्युले जानकारी गराउनु भयो ।<br>निवेदन पठाउने भाषिक संस्थाहरुका नाम निम्न प्रकार छन्।<br>• Kirat Sampang Jumlekha – Store - अनुरोध गरिएको मिति: 20 Oct 2019<br>• Kirat Koyee/Koyu Rai Sodelkim – Chula - अनुरोध गरिएको मिति: 22 Jun 2022<br>• Kirat Puma Rai TupkhaBankhala – Chula- अनुरोध गरिएको मिति: 1 Sep 2025<br>• Thulung Rai Sama – Store - अनुरोध गरिएको मिति: 14 Nov 2025<br>• Kirat Rai Bantawa Khim – Chula - अनुरोध गरिएको मिति: 21 Nov 2025<br>• Dumi Rai – Chula/Store- अनुरोध गरिएको मिति: 16 Mar 2026<br>(तेस्रो बैठक पछी बांकि रहेको एक कोठा पनि नाछिरिङ भाषिक संस्थालाई उपलब्ध गराउने निर्णय भैसकेको छ ) | Presidents & All |
| 10. | कार्यसुचि-9 भातृसंस्था स्थापना सम्बन्धमा (Ref 20 Sep 2025 Annual meeting minutes ser 4 | भातृसंस्था स्थापना सम्बन्धमा : अघिल्लो वार्षिक साधारण सभा बैठकबाट अवश्यक परेको खण्डमा भातृ संस्थाहरु खोल्ने भन्ने निर्णय भएको थियो। आजको बैठकमा यस प्रस्तावमा छलफल भए पनि समयको अभावका कारण अन्तिम निश्कर्षमा पुग्न नसकेकोले अर्को बैठकमा पुनः छलफल गरी अन्तिम निश्कर्ष निकाल्ने निर्णय भयो । | President & All |
| 11. | कार्यसुचिः 10 संजिब राई मार्फत | संजिब राई मार्फत प्राप्त आर्थिक सहयोग पत्र सम्बन्धिमा। | KRY Central committee, |

| | | | |
|---|---|---|---|
| | प्राप्त आर्थिक सहयोग पत्र सम्बन्धिमा | प्रस्ताव माथि छलफल गरी प्रा.का.स स्विन्डनले यस अघि नै सहयोग रकम सङ्कलन कार्य आरम्भ गरिसकेकोले यसमै स्वईच्छाले सबैले सकेको सहयोग गरिदिन अनुरोध सहित केन्द्रले सबै तिर अभियान शन्देस पठाउने निर्णय भयो। अभियानबाट सङ्कलित रकमको सम्पुर्ण हिसाब किताब स्विन्डन प्रा.का.स ले गर्नेछ। | KRY PC Swindon & All |
| 12. | कार्यसुचिः 11.रोशन राई भेटघाट तथा स्वागत सम्मान | रोशन राई भेटघाट तथा स्वागत सम्मान :<br>आगामी कार्यक्रम “यलम्बर स्मृति दिवस” कार्यक्रममा गायक रोशन राई ज्युलाई स्वागत सम्मान गर्ने निर्णय गरियो। | President, Gen Sec & All |
| 13. | कार्यसुचि : १२-संस्कार संस्कृति विषयक अन्तरकृया कार्यक्रमको आयोजना गर्ने | किरात राई भाषा,संस्कार संस्कृति विषयक अन्तरकृया कार्यक्रमको आयोजना गर्ने:<br>प्रस्ताव माथि छलफल गरी किरात राई भाषा, संस्कार संस्कृति विषयक अन्तरकृया कार्यक्रम ZOOM मार्फत आयोजना गर्ने निर्णय भयो र August 26 भित्र कुनै मितिमा गर्ने गरी संयोजकको जिम्मेवारी संस्थाका संस्कार संस्कृति बिभाग प्रमुख उपाध्यक्ष भाज्ञवति राई ज्युलाई प्रदान गरियो। | VP Bhagyawati Rai |
| 14. | यलम्बर स्मृति दिवस – Co-ord meeting | यलम्बर स्मृति दिवस :<br>कार्यक्रम संयोजक वरिष्ठ उपाध्यक्ष क्या.(रि.) सुमन चन्द्र राई ज्युले कार्यक्रमको उदेश्य र योजना बारे प्रष्ट पार्नु भयो। बैठकमा कार्यक्रम बारे बृहत छलफल गरी निम्न निर्णयहरु गरियो:<br>क) धनुशबाँण प्रतियोगितालाई निरन्तरता दिने।<br>ख) Master Degree पुरा गरेका छोरा छोरी साथै समुदायलाई योग्दान पुर्याउनु हुने ब्यक्तित्वहरुलाई प्रमाणपत्र तथा सम्मान पत्र प्रदान गरिने।<br>ग) बृहत साँस्कृतिक कार्यक्रम गर्ने। जसमा प्रा.का.स र भाषिक संस्थाहरुबाट प्रस्तुति सहित सहभागी भैदिन आव्हान गरिने छ।<br>घ) गत वर्ष आयोजना गरिएको भलिबल प्रतियोगिता भने बिबिध कारणले यो साल नराख्ने निर्णय गरियो।<br><br>कार्यबिभाजन र संयोजकहरु:<br>• धनुशबाँण – व.उपाध्यक्ष प्रेम राई र ध्रुब राई।<br>• स्टल – व.उपाध्यक्ष प्रसाद राई। | President, Coordinator & All |

| | | | |
|---|---|---|---|
| | | • थान ब्यवस्थापन - उपाध्यक्ष अनिता राई।<br>• पार्किङ - उपाध्यक्ष बिनोद राई ।<br>• सेक्युरिटि - मान नाछिरिङ राई र बिनोद राई।<br>• खाना - संयोजकले ब्यवस्था मिलाउने।<br>• टिकट - £5 (यो कार्यक्रमका विभिन्न खर्चहरू, जस्तै सुरक्षा, पोर्टालु, मेडिकल सेवा, बीमा आदि खर्चहरू कभर गर्नका लागि हो)<br>• स्टल- बिज्ञापनको लागी £50 र खानाको लागी साईज आकार हेरेर मिलाईने।<br>• प्रमाणपत्र नामावलि संकलन गरिसक्नु पर्ने अन्तिम मितिः 27th July 2026.<br>• कार्यक्रम स्थल तयारी गरिने मिति:- 25th,26th 31st July | |
| 15. | बिबिधः | १) ग्रेजको प्रा.का.स को टेन्टको सामानहरु हराएकोले नयाँ टेन्ट खरिदका लागी केन्द्रले £३०० उपलब्ध गराउने निर्णय भयो।<br>२) बान्तावा खिमको ढोल हराएको सुचना जारी गर्ने - ध्रुब राई।<br>३) यायोक्खाको सामान चलाउदा रेकर्ड बुकमा जनाउनु पर्ने - उपाध्यक्ष कृत राई<br>४) £ ५०० सम्मको Ice Box र रुख काट्ने मेसिन खरिद गर्ने निर्णय गरियो - उपाध्यक्ष कृत राई लाई जिम्मेवारी प्रदान गरियो।<br>५) संस्थाको तर्फबाट संकलन गरिएको साल्पाशिलिचो आर्थिक सहयोग बारे अन्तिम हिसाब संयोजक तथा उपाध्यक्ष शंकर राई ज्युले कार्यकारी अध्यक्ष मे.रि. दिल कुमार राई ज्युलाई बुझाउनु भयो। हिसाबको विवरण यस प्रकार रहेको छ:<br>• London PC Rs.131,868.00<br>• GRM PC Rs.129,685.00<br>• Nuneaton PC Rs.118,489.00<br>• Individual contributions Rs.169,228.00<br>Total Rs. 549,270.00 | VP Krita Rai, VP Shankar Rai, Gen Sec & All |
| 16. | Chairman's points | कार्यकारी अध्यक्ष मे. (रि.) दिल कुमार राई ज्युले आफ्नो भनाई राख्नु हुदै निम्न कुरा प्रस्तुत गर्नु भयो:<br><br>१. श्रमदान- श्रमदान कार्यक्रम सफल रूपमा स्थापित भएको छ। यस कार्यक्रम मार्फत ग्याम्बल लेन (GL) मा धेरै उपयोगी कामहरू सम्पन्न भएका छन्। सुरुका दिनहरूमा स्वयंसेवकहरूको सहभागिता र आर्थिक सहयोग दुवै उत्साहजनक | President Dil Kumar Ra, Gen Sec & All |

| | | | |
|---|---|---|---|
| | | थियो। तर पछिल्लो समय सहभागिता क्रमश घट्दै गएको छ।आइतबार, १४ जुन का लागि तय गरिएको श्रमदान कार्यक्रममा केवल एक जना स्वयंसेवक मात्र उपस्थित भएकाले कार्यक्रम रद्द गर्नुपरेको थियो। यो सहभागिता कम हुनु चासो वा समर्थनको कमीभन्दा पनि विशेषगरी SUMMER मा सबैजना आफ्ना विभिन्न व्यक्तिगत तथा सामाजिक जिम्मेवारीमा व्यस्त भएकाले भएको हुन सक्ने अनुमान गरिएको छ।<br>पहिलेको योजनाअनुसार श्रमदान कार्यक्रम निरन्तर सञ्चालन हुनेछ। अर्को श्रमदान शनिबार, १८ जुलाई २०२६ मा आयोजना हुनेछ। कार्य योजना र प्रशासनिक व्यवस्थापनलाई सहज बनाउन सबै प्रारम्भिक समितिहरू (PCs) लाई सहभागी भई उपस्थितिको जानकारी समयमै गराइदिन अनुरोध गरिन्छ।<br>२. **शेयरधनी बैठक**- शेयरधनीहरूको बैठक शनिबार, १८ जुलाई २०२६ मा हुने तय भएको थियो। तर, कारणवश उक्त बैठक आइतबार, ६ सेप्टेम्बर २०२६ मा सारिएको छ। निर्देशक मण्डल निर्धारित समयसीमाबारे पूर्ण रूपमा जानकार भए पनि परिस्थितिका कारण बैठक स्थगित गर्नु परेको हो। यो बैठक अत्यन्त महत्त्वपूर्ण हुनेछ, जसमा Gambles Lane सम्बन्धी प्रगति बिवरण प्रस्तुत गरिनेछ र भविष्यको विकास तथा व्यवस्थापन सम्बन्धी महत्त्वपूर्ण निर्णयहरूमा छलफल गरिनेछ। प्रा.का.स. का अध्यक्षज्यूहरूले आफ्नो समितिभित्र रहेका सबै शेयरधनीहरूलाई यो जानकारी पुऱ्याउन हुन अनुरोध गर्नुभएको छ । साथै, केन्द्रीय समितिका सबै सदस्यहरूलाई पनि आफ्नो सम्पर्क सञ्जालभित्र रहेका शेयरधनीहरूलाई जानकारी गराइदिन अनुरोध गरिएको छ। बैठक सम्बन्धी विस्तृत जानकारी पछि CIC निर्देशक मण्डलबाट उपलब्ध गराइनेछ।<br>३. घास काट्ने तथा सरसफाई गर्ने- CIC ले घाँस काट्ने वार्षिक/ नियमित कार्यतालिका तयार गरी Gambles Lane मा घाँस काट्ने, हेज ट्रिम गर्ने तथा आवश्यक मर्मत–सम्भारको व्यवस्था गर्नेछ। यसका अतिरिक्त, किरायाले साकेला तथा यलम्बर स्मृति दिवस लगायतका कार्यक्रमहरूका लागि आवश्यक पर्ने थप घाँस काट्ने, हेज ट्रिम गर्ने तथा अन्य साना मर्मतसम्भारका कार्यहरू सञ्चालन गर्नेछ।<br><br>४. Gambles Lane मा चोरी- अध्यक्षज्यूले हालै Gambles Lane मा भएको चोरीको घटनाबारे जानकारी गराउनु भयो। चोरी गर्ने व्यक्तिहरूले मुख्य गेट, रसमुर प्रारम्भिक कार्यसमितिको स्टोर, खाम्मातिम चुला घरको स्टोर तथा मुख्य गेट ब्यारियर नजिक रहेको विद्युतीय बक्सका तालाहरू तोडेर भित्र प्रवेश गरेका थिए। हालसम्म चोरी भएका सबै सामानको यकिन विवरण पत्ता लगाउन नसकिए पनि निम्न सामान चोरी भएको पुष्टि भएको छः | |

| | | | |
|---|---|---|---|
| | | • नयाँ खरिद गरिएको एउटा हेज ट्रिमर<br>• चेन आरा<br>यसका अतिरिक्त केही साना औजारहरू पनि हराएको हुन सक्ने अनुमान गरिएको छ। कुल क्षतिको अनुमानित मूल्य करिब £२,००० रहेको छ।<br>घटनाको जानकारी प्रहरीलाई दीईएको छ र फरेन्सिक टोलीले आवश्यक प्रमाण सङ्कलन गर्ने कार्य पूरा गरिसकेको छ। मुख्य गेट लगायत अधिकांश क्षतिग्रस्त तालाहरू £११७ खर्च गरेर फेरिएका छन्। तर सम्बन्धित समितिका तालाहरू भने उनीहरूले आफैं फेर्ने गरी छोडिएको छ।<br>दुर्भाग्वश, सीसीटीभि को रेकर्डिङ नयाँ फुटेजले पुरानो फुटेज मेटाइदिएकाले घटनासम्बन्धी कुनै भिडियो प्रमाण प्राप्त हुन सकेन। भविष्यमा यस्ता घटनामा छिटो प्रतिक्रिया दिन र सुरक्षा व्यवस्था थप प्रभावकारी बनाउन CIC ले Wifi जडान गर्ने निर्णय गरेको छ, जसबाट CCTV लाई टाढैबाट प्रत्यक्ष (Live) रूपमा निगरानी गर्न सकिनेछ। | |
| 17. | समापन मन्तव्य तथा अर्को बैठक | संस्थाको अध्यक्ष मे. (रि) दिल कुमार राई बाट उपस्थित सबैलाई धन्यवाद दिदै बैठकको समापन गर्नुभयो।<br>संस्थाको वार्षिक साधरण सभाको मिति स्मरण गराइयो, शनिबार 19th septeber 2026 मा सम्पन्न हुने छ। वार्षिक साधारण सभा अघि कार्यसमितिको बैठक बस्ने छ र बैठक मिति चांडै तय गरिने छ। | President Dil Kumar Rai & All |

यदि यस बैठकका कार्यविवरण (मिनेट) सम्बन्धमा कुनै प्रश्न वा आवश्यक परिमार्जन गर्नु परेमा, कृपया सम्पर्क गर्न हुन अनुरोध गरिन्छ। जय किरात।

दिल कुमार राई
अध्यक्ष Year 2

गंगा राज राई
महासचिब

किरात राई यायोक्खा बेलायत केन्द्रिय कार्यसमिति